# आ.व २०८२/०८३ को प्रथम त्रैमासिक समिक्षा कार्यक्रम सम्पन्न

## प्रतिवेदन पत्र

**पेश गरिएको निकाय**

बेनीघाट रोराङ गाउँपालिका

विशालटार, धादिङ।

**पेश गर्ने**

बेनीघाट रोराङ गाउँपालिका, योजना शाखा

बेनीघाट रोराङ गाउँपालिका

## १.परिचयः

बेनीघाट रोराङ गाउँपालिकाको समग्र विषयगत शाखा ,वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु र विद्यालय नर्सहरुको सेवा केन्द्रबाट सम्पादन भए गरेका विभिन्न क्रियाकलापहरु सम्बन्धित कार्यालय प्रमुखबाट पावर प्वाइन्ट प्रिजेन्टेशन गरी चालु आ.व. २०८२/०८३ मा प्रथम त्रैमासिक कार्यायोजना सहित कार्यालयको निश्चित उपलब्धि प्रास गर्ने उदेश्यले १ दिने त्रैमासिक समिक्षा कार्यक्रम सम्पूर्ण जनप्रतिनिधी तथा कर्मचारीहरुको उपस्थितिमा कार्यक्रम सम्पन्न भई प्रतिवेदन तयार पारिएको छ।

## २.उद्देश्य

- सम्पुर्ण विषयगत शाखा, वडा कार्यालय र स्वास्थ्य संस्थाको त्रैमासिक कार्यक्रमको समिक्षा गर्ने ।
- आ.व.२०८२/०८३ मा लिएका उदेश्य बमोजिम के कति मात्रामा कार्य भयो या भएन भनी अनुमान गर्ने।

## ३.उपलब्धी

- सम्पूर्ण विषयगत शाखा, वडा कार्यालय र स्वास्थ्य संस्थाद्धारा प्रथम त्रैमासिक रुपमा समिक्षा भएको थियो ।
- आ.व.२०८२/०८३ मा प्रथम त्रैमासिकमा लिएका उदेश्य बमोजिम कार्य सम्पन्न भएको ।

**४.कार्यक्रमको नामः** *आ.व २०८२/०८३ को प्रथम त्रैमासिक समिक्षा कार्यक्रम*

**५.कार्यक्रम सञ्चालन भएको स्थानः** बेनीघाट रोराङ गाउँपालिकाको सभाहल

**६.कार्यक्रम सञ्चालन भएको अवधिः** २०८२ कार्तिक १२

**७.कार्यक्रम सञ्चालन प्रक्रिया**

- बिहान ठिक ९.०० बजे गाउँपालिकाको सभाहलमा उपस्थित भएको।
- कार्यक्रममा विषयगत शाखा, वडा कार्यालय र स्वास्थ्य संस्थाको आ.व २०८२/०८३ को प्रथम त्रैमासिकमा भए गरेका विभिन्न कार्यक्रमहरु र असल अभ्यासहरु पावर प्वाइन्ट प्रिजेन्टेशन मार्फत पालैपालो शाखा प्रमुखबाट आफ्नो प्रस्तुती गरि कार्यक्रम सम्पन्न भएको।

**८.कार्यक्रमको वास्तविक लागत खर्च**

| क्र.सं. | विवरण | परिमाण | ईकाइ | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | खाना/खाजा र पानी | एकमुष्ठ | एकमुष्ठ | एकमुष्ठ | १,५०,०००/- | |
| कुल जम्मा | | | | | १,५०,०००।- | |

बेनीघाट रोराङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय धादिङ
विशालटार
बागमति प्रदेश,नेपाल

## ९. सहभागी विवरण तपशिल बमोजिम रहेका छन्।

- बेनीघाट रोराङ गाउँपालिकाको आ.व. २०८२/०८३ मा गाउँपालिका र गाउँपालिका मातहतका कार्यालयहरुबाट प्रथम त्रैमासिक समिक्षा कार्यक्रममा गाउँपालिका आदरणीय अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू, सम्पूर्ण वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्यहरु, विषयगत शाखा प्रमुखहरु, वडा सचिवहरु र स्वास्थ्य इकाइ प्रमुखहरुको सक्रिय सहभागिता रहेको थियो।

## १०. प्रथम त्रैमासिकमा शाखागत, वडा कार्यालय र स्वास्थ्य संस्थाबाट सेवा प्रवाह गर्दा देखा परेका समस्याहरुः-

- भाद्र महिनाको २३ र २४ गते भएको जेन्जी आन्दोलनले गर्दा समुदायस्तरमा सार्वजनिक सेवा प्रवाह गर्न जटिल रहेको।

## ११. समस्या समाधानका लागि चालिएका पहलहरुः-

- समुदायको आवश्यकता, देशको वर्तमान परिवेश तथा जनअपेक्षालाई मध्यनजर गरी सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने निर्णय गरिएको।
- शाखाहरूबीच समन्वय तथा नियमित अनुगमनलाई थप प्रभावकारी बनाउने सहमति गरिएको।

## १२. सारांश

बेनीघाट रोराङ गाउँपालिकाका विषयगत शाखा, वडा कार्यालय, स्वास्थ्य संस्थाका प्रमुखहरुले प्रथम त्रैमासिक अवधिमा सम्पन्न गरेका कार्यक्रमहरूको प्रभावकारी प्रस्तुति गरेका थिए। वडा नं. १ देखि वडा नं. १० सम्मका सम्पूर्ण वडा अध्यक्षहरूको उपस्थितिले कार्यक्रमलाई थप उपलब्धिमूलक बनाएको थियो। चालु आर्थिक वर्ष २०८२/०८३ का लक्ष्य तथा उद्देश्यहरू प्रभावकारी रूपमा हासिल गर्न त्रैमासिक समीक्षा कार्यक्रमले प्रगतिको मूल्याङ्कन, समस्या पहिचान तथा आगामी कार्ययोजना निर्धारणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको निष्कर्ष निकालिएको छ।

तयार गर्नेः
परशुराम घिमिरे
शाखा अधिकृत

बेनीघाट रोराङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिसालटार धादिङ
बागमती प्रदेश, नेपाल

बेनीघाट रोराङ गाउँपालिका

<u>अनुसूची-१</u>

आ.व.२०८२/०८३ को प्रथम त्रैमासिक समिक्षा कार्यक्रमका केहि झलकहरु





बेनीघाट रोराङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिशालटार धादिङ
बागमति प्रदेश,नेपाल

बेनीघाट रोराङ गा